# सोरु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# मुगु

# वार्षिक नीति तथा कार्यक्रम
## आ.व २०८२/८३

**गाउँभाका सदस्यज्यूहरु**

अव मँ आगामी आर्थिक बर्ष २०८२/०८३ को विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छुँ । यस बर्ष पनि गाउँपालिका नारा **"रैथाने वाली पर्यटन र पूर्वाधार: सुशासन र समृद्धि सोरुवासीको आधार"** यथावत कायम गरिएको छ ।

१. पालिका स्तरीय रैथाने बाली नालीको उत्पादनमा वृद्धि गर्न र कृषकहुको मनोवल उच्च राखन मकै, कोदो, सिमि, फापर, भटमास, चामल आदिलाई स्थानीय सहकारी मार्फत खरिद गरि नेपाल खाद्य संस्थाको साझेदारीमा विक्रि , वितरण गरिनुका साथै आवश्यक संख्यामा कोशेली गृहहरु संचालन गरि वजारीकरण गरिने छ ।
२. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्दि गरी क्रमश: आत्मनिर्भरता हासिल गरिनेछ । कृषि क्षेत्रहरुको वर्गिकरण गरी जुन ठाउँमा जुन बाली उत्पादन उत्पादन हुन्छ सोही आधारमा विउ तथा विरुवाका वेर्नाहरुमा अनुदान दिईनेछ ।
३. कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिवी निवारणमा उल्लेख्य सुधार गरिनेछ ।
४. वडास्तरका कृषि तथा पशु सेवाकेन्द्रलाई व्यवस्थित गराई आवश्यक औषधि, मलविउ तथा प्राविधिक जनशक्ति उपलव्ध गराईने छ ।
५. गाउँपालिकामा हरेक कृषिक्षेत्रसम्म पुग्ने कृषि सडकहरुको स्तरउन्नति  गरिनेछ । साना सिंचाई कुलो निर्माण गर्ने, जिर्ण भएका सिंचाई कुलो मर्मत गर्ने र संघ र प्रदेश सरकारसँगको सहयोगमा वहुवर्षीय ठूला सिंचाई आयोजनाहरु निर्माण गरिने छ .
६. कृषिलाई नै आफ्नो मुल पेशा वनाएका किसानलाई परिचयपत्र वितरण गर्नुका साथै गाउँपालिका भित्रका उत्कृष्ट किसानहरुलाई सम्मान गरिने छ ।

**उद्यम विकास**

७. **मिसन रोजगारी** अन्तरगत दिगो रोजगारी सिर्जना तथा प्रवर्धनलाई उच्च प्राथमिकता राखेर मिसन रोजगरी अभियान सञ्चालन गरिने छ ।
८. **"उद्यमसँग उपाध्यक्ष लघु उद्यम स्वरोजगार"** कार्यक्रमलाई निरन्तरता दिईने छ ।
९. रोजगार रणनीति तर्जमा गरिनुका साथै श्रम वजार अध्ययन तथा सिप विकास कार्यलाई प्राथमिकताका साथ अगाडि वढाईने छ ।
१०. **"सोरुमा केहि गरूँ"** भन्ने नाराका साथ उद्यम गर्न चाहने व्यक्तिका लागी लगानीका लागी वातावरण मिलाईने छ भने व्यवसाय दर्तामा छुट दिईने छ ।
११. उत्कृष्ट महिला उद्यमीलाई प्रोत्साहन स्वरूप पुरस्कार गरिने छ ।
१२. पालिका रहेका सीप सिकेका स्थानीय युवाहरुसँग साझेदारीमा हेयर कटिङ सैलुन र छाला जुत्ता सिलाई तथा मर्मत केन्द्र संचालनार्थ प्रोत्साहन वापत नगद अनुदान प्रदान गरिने छ ।

१३. दलित समुदायमा पुख्यौंली पेशाका रुपमा रहेको आरण व्यवसायलाई आधुनिकीकरण तथा व्यवसायिकरण गर्ने प्रविधि हस्तान्तरणमा जोड दिईने छ।

१४. सोरु गाउँपालिकामा रहेका लघु, घरेलु तथा साना उद्योगहरुलाई गाउँपालिकास्तरमा दर्ता प्रक्रियामा ल्याईनेछ।

१५. स्थानीय स्तरमै अर्गानिक चिया उत्पादन तथा वजारीकरंको घोडे मच्चा, गन्दाईनो, नर्को आदि चियाजन्य जडीवुटीहरुको प्रवर्धन गरिने छ।

**पर्यटन तथा संस्कृतिक विकास**

१६. सोरुको मौलिक कला संस्कृती तथा महत्वपूर्ण पर्यटकीय स्थलहरु तथा संस्कृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गरिने छ।

१७. स्थानीय कलाकर्मी , साहित्यकार, संगितकार लगायतका श्रष्ठाहरुको सिर्जनालाई संरक्षण गर्दै श्रष्ठाहरुलाई सम्मान र अभिनन्दन कार्यक्रम आयोजना गर्न सहयोग गरिने छ।

१८. सोरुको मौलिक संस्कृति झल्किने गरी भिडियो डकुमेन्ट्री बनाईने छ।

**श्रम रोजगारी र गरिबि निवारण**

१९. समयको माग अनुदार वढ्दो उपयोगमा रहेका सवारी साधनको उचित व्यवस्थापन र मर्मत संभार गर्न Motor Bike Service center स्थापना र सञ्चालन गरिने छ

२०. सुचना प्रविधिको युगमा वढ्दो उपयोगमा रहेको ल्यापटप, डेस्कटप, प्रिन्टर आदिको उचित व्यवस्थापन र मर्मत संभार गर्न पलिका स्तरीय Computer Service center को स्थापना र सञ्चालन गरिने छ ।

२१. प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमलाई कृषि र घरेलु उद्योगसँग जोडिने छ । गाउँपालिकाबाट सिर्जना हुने रोजगारीमा रोजगारी नभएको घर, अपाङ्ग परिवार र आर्थिक रुपले विपन्न गरिब र दलित परिवारलाई पहिलो प्राथमिकता दिईने छ।

२२. गाउँपालिकावाट संचालन हुने योजना तथा कार्यक्रमहरुमा वेरोजगार व्यक्तिहरुको रोजगार सेवा केन्द्रमा सुचिकृत भएका व्यक्तिहरुलाई प्राथमिकता दिईने छ र सुचिकृत हुन छुट भएकालाई सुचिकृत गरिने छ।

२३. उपभोक्ता समितिबाट हुने काममा ठूला मेसिनको प्रयोग निरुत्साहित गरिनेछ र सम्बन्धित उपभोक्ताहरुले नै रोजगारी पाउने गरी काम गर्ने व्यवस्था मिलाईने छ।

२४. वैदेशिक रोजगारीमा गई फर्केका र सिकेको सिपको प्रयोग गर्दै व्यवसाय गर्न चाहने युवालाई प्रविधि, सामाग्री र आर्थिक सहयोग प्रदान गरिने छ।

## सामाजिक विकास

## शिक्षा विकास युवा तथा खेलकुद र नवप्रवर्तन

२५. **"पालिकाको इच्क्षा: गरिखाने शिक्षा"** भन्ने नारा सहित प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको क्षेत्रमा जोड दिई प्राविधिक जनशक्ति उत्पादन गरिने छ ।

२६. गाउँपालिकामा दरवन्दि मिलानको अनुपातमा कम हुन पुगेका शिक्षक दरवन्दिलाई गाउँपालिकाको स्वयं सेवक शिक्षकको रुपमा क्रमश: व्यव्स्था गरिने छ र हालालाई सोहि अनुपातमा निम्न माध्यामिक तहमा कम हुन पुगेका शिक्षकको लागी आवश्यक रकमको व्यवस्था गरिएको छ

२७. यस सोरु गाउँ पालिकाका सञ्चालनमा रहेको सामुदायिक विद्यालयहरुमा कार्यरत वालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको लागी नेपाल सरकारले तोकेको तलव भत्तामा अपुग रकमको व्यवस्था गरिएको छ।

२८. आर्थिक रुपले विपन्न, दलित, जनजाती तथा कठिन परिस्थितिमा रहेका जेहेन्दार विद्यार्थीहरुलाई वार्षिक रुपमा एकमुष्ट ५ हजारका दरले गाउँपालिका अध्यक्षसँग विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमबाट निजहरुकै वैंक खातामा सो छात्रबृत्ती रकम उपलव्ध गराईने छ।

२९. सामुदायिक विद्यालयमा ईन्टरनेट र प्रविधिको माध्यामबाट शिक्षण-सिकाई प्रभावकारी वनुनको लागी आवश्यक पर्ने कम्प्युटर, प्रिन्टर हाल सन्म प्राप्र नगरेको विदालयहरुलाई प्राथमिकताका आधारमा विशेष अनुदान मार्फत गराईने छ।

३०. शिकक्षको अनुपस्थितिमा कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुलाई स्वअध्ययनमा अभिप्रेरि गर्न विद्यार्थिको हातमा रहेका स्व अध्ययन सामाग्री Digital App को व्यवस्था गरिने छ ।

३१. विद्यालय तहदेखी नै खेल प्रतिभाको विकास गर्न नियमित अतिरिक्त क्रियाकलापको लागि प्रोत्साहन तथा विद्यार्थिहरुलाई खेल सामाग्रि उपलव्ध गराईने छ।

३२. विद्यालको पूर्वाधार निर्माण, जिर्ण विद्यालयको मर्मत संभारलाई मध्य नजनर गर्दै स्थानीयको साझेदारीमा विद्यालयको भवन निर्माण वापत संघिय सरकारो प्राप्त सशर्त अनुदानलाई यथार्थपरक ढंगवाट उपयोग गरिनेछ।

३३. पालिका स्तरीय आवासीय विद्यालयको शैक्षिक तथा भौतिक पूर्वाधार विकास गरि सञ्चालन गरिनेछ।

## स्वास्थ्य सेवा

३४. आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा गाउँबासीको पहुँचलाई सुनिश्चित गर्न प्रत्येक स्वास्थ्य संस्थामा आवश्यक औषधि तथा उपकरण खरिद प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरु सहिको प्रभावकरी एवम् जवाफदेहिपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनुका साथै वडामा खोप केन्द्र, आधारभूत स्वास्थ केन्द्र ,स्वास्थ्य संस्था ,सामुदायिक स्वास्थ्य इकाई केन्द्र र गाउँघर क्लिनिकहरुको सेवाको स्तर वृद्धि गरिने छ।

३५. पालिका स्तरम प्राकृतिक आयुर्वैदिक, योग, स्वास्थ्य शिविर र तत् समवन्धि औषधि खरिद अगाडि वढाई एलोपैथिक औषधिलाई क्रमश: निरुत्साहित गरि तथा होमोप्याथिक उपचार पद्धित मार्फत नागरिकहरुको स्वास्थुमा सुधार गर्दै लगिने छ।

३६.स्वास्थ्यकर्मीलापइ विभिन्न तालिम मार्फत क्षमता अभिवृद्धि गरिने छ।

३७.स्वास्थ्य चौकिहरुमा आवश्यक ईन्टरनेट, सिम सहित मोवाईल सेट, प्रिन्टर लगायत आवश्यक सामग्री उपलव्ध गराईने छ

३८.महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई संचार खर्च उपलव्ध गराउनुका साथ

३९.स्वास्थ्य र पोषणयुक्त खाद्यान्नको उत्पादन तथा उपभोगमा व्यापक सचेतना अभिवृद्धि गरिने छ।

४०.विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन सुनिश्चितता गरिनुका साथै शारीरिक तथा मानसिक स्वास्थ्यका लागी योग, ध्यान र व्यायमलाई प्रवर्द्धन गरिने छ।

४१.सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी सरल र सहज पहुँचको सुनिश्चितता गरिने छ।

४२.नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य वस्तुको प्रयोग, मादक पदार्थको सेवन, लागुपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन गरिने छ।

**महिला बालबालिका सामाजिक ससमावेशिकरण**

**४३.“महिलालाई पहिला”** भन्ने नाराका साथ पालिकावाट सृजना हुने रोजगारीको अवसरमा विपन्न तथा पिछडिएका महिलालाई पहिलो प्राथमिकता दिईने छ।

४४.गाउँपालिका भित्र रहेका ४० वर्ष देखि ५९ उमेर समुहका एकल पुरुषहरुलाई गाउँपालिका अध्यक्षसँग जीवन निर्वाह भत्ता कार्यक्रमबाट मासिक रुपमा १ हजारका दरले १२ महिना सम्म उपलब्ध गराईने छ।

४५.लैगिक हिंसा विरुद्धको **शुन्य सहनशीलता**को नीति अवलम्बन गरिने छ। लैगिंक समानता र सामाजिक समावेशीकरण रणनीतिको अद्यावधिक गरी कार्यानवयनमा ल्याईने छ। गाँउपालिकाको **नीति, कार्यक्रम र बजेटको लैगिक समानता तथा सामाजिक समावेशीकरण** परिक्षण गर्न वार्षिकरुपमा व्यवस्था मिलाईने छ। समाजमा पछाडी परेका वर्ग समुदायको विकासमा मुलप्रवाहीकरणका लागी क्षमता विकासका कार्यक्रम र सशक्तिकरण गरि मुलप्रवाहीकरण गरिने छ।

४६.हिंसा पिडित विपन्न वर्गका महिलाका लागि आर्थिक सहयोग तथा पिडितलाई न्यायको पहुँचमा पुर्याउन पहल गर्ने र सवै वस्ती तथा वडामा लैंगिक हिंसा, घरेलु हिंसा, बालविवाह, विभिन्न कुरीति, कु संस्कार जस्ता विकृतिहरुलाई नियन्त्रण गर्न साझेदारीमा महिला सेल एवं सहायता कोषको स्थापना र सञ्चालन गरिनुका साथै सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ।

४७.आन्तरिक द्वन्दको क्रममा मृतक घाईते एवं अपांगता भएका गरिव, विपन्न परिवारलाई गाउँपालिकावाट साविकको शान्ति तथा पुनर्स्थापना मन्त्रालय र स्थानीय प्रशासन एवं पालिकावाट स्विकृत विवरण अनुसार आर्थिक सहायता कार्यविधि वनाई उपलव्ध गराईने छ।

४८.समाजमा सदियौंदेखि जरा गाडेर रहेको जातीय विभेद तथा छुवाछुत अन्त्य तथा दलित समुदायको समग्र विकासका लागी दलित विकास ऐन तर्जुमा कार्यक्रमका साथै छुवाछुत विरुद्ध अभियान सञ्चालन गरिने छ।

४९. टोल विकास संस्थाका पदाधिकारीहरुको नेतृत्व तथा क्षमता विकास सम्वन्धि कार्यक्रम संचालन गरि टोल विकास संस्था मार्फत वस्तिस्तरवाट समावेशी योजना छनोट तर्जुमालाई निरन्तरता दिईने छ ।

५०. विपन्न महिलाको आर्थिक सशक्तिकरणका लागी आय आर्जनका कार्यक्रम सञ्चालन गरिने छ ।

५१. बालबिवाहका बहुआयामिक कारण र यसले पर्न जाने असरको बारेमा सचेतनामूलक कार्यक्रम संचालन गरी बालबिवाह मुक्त गाउँपालिका घोषणाको लागि आधार तयार गरिने छ ।

५२. वालक्लव गठन संचालन तथा व्यवस्थापनमा सहजिकरण गरिनेछ । बालअधिकारको संरक्षण र प्रवर्द्धनमा बाल क्लवहरुलाई परिचालन गरिनेछ ।

५३. अपांगता पहिचान सम्वन्धि घुम्ति शिविर सञ्चालल गर्नुका साथै अपांगता भएका व्यक्तिहरुका लागी सहायता सामाग्रीहरु वितरण तथा जीविकोपार्जनकालागी विशेष प्राथमिकताका कार्यक्रमहरु संचालन गरिने छ ।

५४. समाजिक समाबेशिकरण परीक्षण कार्य सम्पन गरिने छ ।

५५. दिवसीय कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिईने छ ।

**सामाजिक सुरक्षा तथा पंजिकरण**

५६. जेष्ठनागरिकको लागि वडा स्तरीय घुम्ती स्वास्थ्य सेवा शिविर संचालन गरी स्वास्थ्य उपचार प्रदान गरिनेछ ।

५७. विपन्न नागरिक परिचयपत्र, गरिब परिचयपत्र वितरण तथा किसान परिचयपत्र वितरण सम्बन्धी राष्ट्रिय नीतिलाई प्रभावकारी कार्यान्वायन गर्दै गरिब तथा विपन्न नागरिकको अभिलेखीकरण गरिने छ ।

५८. अपाङ्गता भएका व्यक्तिहरुको पहिचान, नक्साङ्कन र वर्गिकरण गरी व्यवस्थित अभिलेखिकरण गरिने छ । सार्वजनिक स्थल तथा संरचनालाई अपाङ्गमैत्री बनाईने छ ।

**युवा तथा खेलकुद**

५९. स्थानीय प्रशासनमा खटिएका प्रहरीसँग समन्वय गरि युवालाई लागु औषध तथा दुर्व्यसनबाट जोगाउन विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

६०. गाउँपालिका स्तरमा राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई निरन्तरता दिईने छ ।

६१. गाउँपालिकाको खेलक्षेत्रको विशिष्ट प्रतिभालाई राष्ट्रियस्तरसम्म पुर्याउन खेल प्रशिक्षकको व्यवस्था गरी प्रशिक्षण तथा खेलसामाग्रिको लागि सहयोग गरिने छ ।

६२. वडास्तरीय खेलकुद तथा गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिताहरु आयोजना गरिने छ र विशिष्ट खेल प्रतिभालाई सम्मान गरिने छ ।

६३. बाहिरी जिल्ला तथा पालिकामा आयोजना हुने खेलकुद प्रतियोगितामा गाउँपालिकाबाट नियमित सहभागी हुने र खेलकुदमा सहभागी हुन जाने खेलाडिलाई आवश्यक सहयोग गरिने छ ।

**पूर्वाधार विकास**

**सडक पुल तथा यातायात**

६४. स्थानीय विकासको लक्ष्य हासिल गर्न स्थानीय पूर्वाधार सहयोग कार्यक्रम लगाएत अन्य कार्यक्रम संग समन्वय, सहकार्य र साझेदारीको अवधारणा मार्फत स्थानीय विकास निर्माण प्रक्रियामा सह-लगानी ( Co-Finance) को नीति अवलम्बन गरिने छ साथै स्थानीय पुर्वाधार विकास प्रक्रियामा सुधारियको विधि ( Improvement Modality ) अवलम्बन गरिने छ।

६५. पूर्वाधार विकासका आयोजनाहरु संचालन गर्दा लागत लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी SDG र आवधिक योजनाको समिक्षा गरि **"आयोजना बैंक"** तयार गरिने छ र सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

६६. सोरु गाउँपालिका क्षेत्र भित्रका बाटो, सिँचाइ कुलो, नहर, पुल, सार्वजनिक भवन लगायतका पूर्वाधारहरुको लगत **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2)** मा राखिने छ र पूर्वाधारहरुको नियमित मर्मत सम्भार तथा स्तरोन्नति गर्न गाउँपालिकामा रहेको **मर्मत सम्भार कोषको व्यवस्थापन उच्चतम तवर** गरिने छ ।

६७. *सोरु* गाउँपालिको **यातायात गुरुयोजना Municipal Transport Master Plan (MTMP)** निर्माण गरि कार्यान्वयनमा ल्याईने छ । सो अनुसार प्राथमिकरण गरिएका सडकहरुको विस्तार एवं स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अगाडी बढाईने छ । साथै, निर्माण भएका सडकहरुको लगत कट्टा गरि ब्यवस्थित गरिने छ ।

६८. **"सोरुको विकासका लागी पूर्वाधार: समुन्नत र दिगो विकासको आधार"** भन्ने उद्देश्यका साथ स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सँगको साझेदारीमा नयाँ सडक निर्माण भन्दा पुराना सडकहरुको स्तरउन्नतिको कामलाई विशेष प्राथमिकतामा राखिने छ ।

६९. सोरु गाउँपालिका भित्रका ठुला आयोजनाहरु सञ्चालन गर्दा वातावरणीय प्रभाव मुल्यांकन (EIA ), वातावरण प्रभाव परिक्षण (IEE) गरिनेछ ।

७०. विगतमा सम्पन्न भई सञ्चालन मा रहेको गुल्मेदेखि पालिका जोड्ने विलिव्रिजको बाँकि रहेको भुक्तानी यस आ.व मा प्रदान गरिएको छ । यस आ.व मा दोभानदेखि पालिका जोड्ने नयाँ विलिव्रिजको निर्माणको लागी आवश्यक वजेटको व्यव्स्था गरिएको छ ।

७१. पालिका क्षेत्रमा आवश्यक ठाउँमा पक्कीपुल निर्माणको लागि प्रदेश सरकारसँग समन्वय गरिने छ ।

७२. सवै वडाका उपभोक्ता समिति र सरोकारवाला निकायहरुका लागी योजना संचालन सम्वन्धि अभिमुखिकरण कार्यक्रम संचालन गर्दै योजना अनुगमन, निरिक्षण र परिमाण र गुणस्तर अनुरुपको काम गर्नका लागी अनुगमन समितिलाई जिम्मेवार वनाईने छ ।

**खानेपानी, सरसफाई तथा सिंचाई**

७३. हाल संचालनमा रहेका खानेपानी आयोजनाहरुको मर्मत संभारमा ध्यान दिदै घर संघ र प्रदेश सरकारसँग समन्वयमा ठुला सिंचाई आयोजना निर्माण गरिने छ। आवश्यक ठाउँमा साना पक्की सिंचाई कुलो निर्माण तथा जिर्ण भई संचालनमा आउन नसकेका सिंचाई कुलोको मर्मतसंभार गरी संचालनमा ल्याईने छ।

७४. खानेपानी उपभोक्ता समितिसँगको साझैदारीमा पालिका केन्द्रमा खानेपानी सेवालाई मजवुत गरिने छ।

७५. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सँगको साझेदारीमा खानेपानीका ठूला आयोजनाहरु निर्माण गरिने छ। खानेपानीका स-साना आयोजनाहरुको निर्माण भन्दा भएका आयोजनाहरुको मर्मत संभारमा ध्यान दिईनेछ।

७६. खानेपानीको मुहान संरक्षणलाई बिशेष प्राथमिकता दिईने छ। खानेपानीको चरम अभाव भएका ठाउँहरुमा खानेपानीका नयाँ आयोजना संचालन गरिने छ।

**उर्जा तथा विद्युत**

७७. संघीय सरकारसँगको समन्वयमा गाउँपालिकालाई पूर्ण विद्युतिकरण गर्ने कामलाई प्राथमिकताका साथ अगाडि बढाईने छ

७८. नेर खोला , रुम खोला, महादेव खोला, दई खोला, गुल्म घाट विद्युतीय आयोजनालाई मर्मत गरि सञ्चालनमा ल्याईने छ

७९. यस गाउँपालिकाको विद्युत नभएको वस्तीहरुमा विभिन्न संघ संस्था र सरकारी निकायहरुसँग समन्वय साझेदारी गरि वैकल्पिक सौर्य ऊर्जाको लागि आवश्यक कार्य गरिने छ।

**भवन तथा आवास**

८०. गाउँपालिकामा घर निर्माण गर्दा नक्सा पास गर्ने प्रावधानलाई कडाईकासाथ लागु गरिने छ।

८१. निर्माणाधीन १० शैयाको अस्पतालको भवन तोकिएको समयमै सम्पन्न गर्न पहल गरिने छ।

८२. यस बर्ष वडा नं ६ को वडा कार्यालय भवन निर्माणको काम अगाडि बढाईनुका साथै भवन नभएका स्वास्थ्य चौकिको भवन निर्माणका लागी पहल गरिने छ।

**सूचना संचार तथा प्रविधि**

८३. सोरुकोट वजार तथा दुर्गम तथा पिछडिएको क्षेत्रका नागरिकहरुलाई टेलिफोनको पहुँचमा ल्याउन फोनको टावर निर्माण गर्नका लागि आवश्यक कार्य अगाडी बढाइने छ।

८४. गाउँपालिकाको वेबसाईटलाई अध्यावधिक राखी महत्वपूर्ण निर्णय, जानकारी र सूचनाह तथा कानुनहरुलाई वेबसाईटमा राख्ने कार्यलाई प्रभावकारी बनाईने छ।

८५.गाउँपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा सुविधाहरुलाई क्रमशः सफ्टवेयर प्रणाली तथा विद्युतीय माध्यमबाट संचालन गर्दै लगिने छ।

८६.गाउँपालिका वा वडा कार्यालय बाट सम्पादन गर्ने कार्यलाई कम कागज (Paperless) विधि अपनाउँदै विद्युतीय प्रणालीको उपयोगलाई बढवा दिईने छ।

८७.गाउँपालिका भित्रका सबै वडामा गुणस्तरीय इन्टरनेट सेवाका लागी सेवाप्रदायकसँग समन्वय गरिनेछ

८८.सोरु गाउँपालिकाको विभिन्न गतिविधिको प्रशारण तथा सूचना प्रवाह गर्न विभिन्न पत्रपत्रिका, रेडियो तथा अन्य संचारमाध्यमसँग सहकार्य गरिने छ।

**वन वातावरण पर्यटन तथा विपद व्यवस्थापन**

८९.प्राकृतिक प्रकोप तथा जोखिम न्यूनिकरणका लागी जोखिमका क्षेत्रहरु पहिचान गरि आवश्यक भौतिक पूर्वाधार निर्माण गरि क्षति न्यूनिकरण गरिनेछ।

९०.**हरित पुर्नलाभ तथा समावेशि विकास पद्धति (GRID Approach)** को पुर्ण अवलम्बन गरि पूर्वाधार विकासका आयोजनाहरु **जलवायु उत्थानशिल, श्रम केन्द्रित, नतिजामूखि र दीगो रुपमा विकास** गर्ने नितिलाई उच्चप्राथमिकताका साथ अवलम्बन गरिनेछ ।

९१.स्थानीय पूर्वाधार विकासका आयोजनाहरुको कार्यान्वयन गर्दा संभावित **वातावरणिय जोखिम तथा प्रभाव**को अध्ययन गरिने छ। कम तथा मध्यम जोखिम भएको योजनाको कार्यान्वयन गर्दा जोखिम न्यूनीकरणका उपायहरुको अवलम्बन गरि कार्यान्वयन गरिने छ भने उच्च जोखिम भएका योजनाहरु कार्यान्वयन गरिने छैन। सामान्यतया स्थानीय पूर्वाधारका गतिविधिहरुको कार्यान्वयन गर्दा **वायो– ईन्जिनियरिङ्ग** प्रविधिको प्रयोग गरि गरिने छ । तर ठूला तथा गौरवकाआयोजनाहरुको लागि **प्रारम्भिक वातावरणिय मूल्यांकन (IEA) तथा वातावरणिय प्रभाव मूल्यांकन (EIA)** गरि गरिने छ।

९२.स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (LEOC) लाई थप व्यवस्थित र मजवुत वनाइने छ।

९३.विपदबाट हुने क्षतिको उद्दार, राहत तत्काल पुनस्थापनाकाको लागी आवश्यक जनशक्ति र श्रोत सामाग्रीको व्यवस्थापन र परिचालन गरिने छ।

९४.विपदजन्य घटनाहरुको न्यूनिकरण तथा विपदवाट हुने क्षतिको व्यवस्थापन गर्न जिल्ला विपद व्यवस्थापन समितिको सहयोगमा स्थानीय विपद समिति मार्फत विपद व्यवस्थापन प्रतिकार्य कार्ययोजना निर्माण गरि लागु गरिने छ।

**क्षमता विकास र संस्थागत सुशासन**

**मानव संशाधन सम्वन्धि नीति**

९५.गाउँपालिक भित्र नियमित सेवा प्रवाहका लागी थप प्रभावाकरी वनाउन आवश्यक संख्यामा वडा कार्यालयल र स्वास्थ्य चौकिकका भवनहरु क्रमश: निर्माण र सविलिकरण गरिने छ।

९६. गाउँपालिका स्तरीय सेवा प्रवाहलाई थप व्यवस्थित गर्न गाउँ कार्यपालिकाको का।रयालय, वडा कार्यालयहरु, स्वास्थ्य केन्द्र तथा विद्यालयहरुमा सेवा ग्राहीको लागी क्रमश प्रतिक्षालय,खानेपानी तथा शौचालयको प्रवन्धलाई सवलिकरण गरिने छ।

९७. एकीकृत सेवा प्रवाह सञ्चालन केन्द्र, नागरिक वडापत्र, गुनासो सुनुवाई, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम मार्फत सुशासन प्रवर्द्धन गरिने छ।

९८. यस गाँउपालिकावाट प्रवाह हुने सेवा सुविधा प्रति नागरिकको **सेवा प्रतिको सन्तुष्टि** मापन गर्ने अभ्यास गरिने छ। साथै गाँउपालिका संग सम्बन्धित गुनासोहरुलाई सम्वोधन गर्न **गुनासो संकलन, सुनुवाई र सम्वोधन** गर्ने कार्यलाई व्यवस्थित गरिने छ।

९९. स्थानीय पूर्वाधारमा आवश्यक सहयोग गर्न र आन्तरिक राजश्व वृद्धि गर्न यस आ.व मा J.C.V खरिद गरि सञ्चालनमा ल्याईने छ ।

१००. गाँउपालिकाको संस्थागत सुशासन र मानव संसाधन विकासका लागी राष्टिय तथा अन्तराष्टिय गैरसरकारी संघ सस्थाहरुसंग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिईने छ।

१०१. कर्मचारीलाई आफ्नो जिम्मेवारीप्रति पूर्ण उत्तरदायी बनाउदै तटस्थ, निश्पक्ष र प्रतिवद्ध भई कार्यसम्पादन गर्न क्षमता विकासका विभिन्न कार्यक्रमहरु संचालन गरिने छ।

१०२. उपभोक्ता समितिलाई योजना निर्माण पूर्व र पश्चात सम्वन्धि तालिम, सम्झौता, कामको वाँडफाँड आदिको वारेमा अभिमुखिकरण गरिने छ।

१०३. वडा कार्यालयमा सेवा प्रवाहको लागी कर्मचारीहरुको खटनपटनको व्यवस्था गरिने छ।

१०४. गाउँपालिकाको समग्र विकास र सेवा प्रवाहमा असर पुर्याउने र गाउँपालिका पदाधिकारी विरुद्ध अनावश्यक गतिविधि गर्ने र कार्यालयमा पटक पटक अनुपस्थित हुने कर्मचारीको कार्यलाई नियन्त्रण गरिने छ।

१०५. आन्तरिक नियन्त्रण प्रणालीको पूर्ण कार्यान्वायन गरि प्रशासनिक खर्च घटाउदै लगिने छ।

१०६. गाउँपालिकाको राजश्व वृद्धिका लागी राजश्व सुधार कार्ययोजना वनाई लागु गरिने छ।

**सुशासन,संगठन निकास तथा कार्यालय व्यवस्थापनसँग सम्वन्धि नीति**

१०७. गाउँपालिका केन्द्रवाट सेवाग्राहीलाई प्रदान गरिने सवै प्रकारका सेवालाई ऐकिकृत प्रणालीमा सञ्चालन गरिने छ।

१०८. प्रत्येक वडामा मेलमिलापकर्ता गठन भईसकेकाले वडास्तरवाट नै विवाद समाधान हुनेखालका मुद्दालाई वडा कार्यालयवाट नै विवाद समाधान गर्ने व्यव्था मिलाईने छ।

१०९. सोरु गाउँपालिकावाट पारित भईसकेका ऐन, कानुन,कार्यविधिलाई राजपत्रमा प्रकाशन गर्ने र आवश्यक पर्ने कानुन निर्माणलाई प्राथमिकता दिईने छ।

११०. खरिद योजना, वेरुजु फर्छयौट, सार्वजनिक खरिद एवम् जिन्सी व्यवस्थापन र अभिलेखिकरण गर्नका लागी तालिम, अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ।

१११. गाउँपालिकालाई आवश्यक पर्ने मेशिनरी औजार, ढुवानीका साधन र सवारी साधनहरु खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ संशोधन सहितको कानुनको अधिनमा रहि खरिद गर्ने प्रणालीलाई प्राथमिकता दिईने छ ।

**अनुगमन तर्फ**

११२. विकास निर्माण कार्यमा गुणस्तर कायम गर्न दक्ष जनशक्ति, स्थानीय श्रमिकको सहभागीता तथा अनुगमन र मुल्यांकन प्रणलीलाई थप प्रभावकारी वनाईने छ । नतिजामुलक अनुगमनका लागी वडास्तरिय एवं नगरस्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिको दक्षता अभिवृदीका लागी अभिमुखीकरण कार्यक्रम सन्चालन गरिने छ ।

**गाउँसभाका सदस्यज्यूहरु**

आर्थिक वर्षको अन्त्यमा हुने असारे विकास गर्ने प्रवृत्तिलाई अन्त्यै गर्दै आगामी आ.व को सुरुमा नै योजना वानाएर काम सम्पन्न गर्ने नीति लिदै आ.व २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वायनबाट सोरुबासिको जिवनस्तरमा सुधार आई **"रैथाने वाली पर्यटन र पूर्वाधार: सुशासन र समृद्धि सोरुवासीको आधार"** भन्ने आकांक्षा पुरा गर्न योगदान पुग्नेछ । नीति तथा कार्यक्रमको कार्यान्वायनमा सबैबाट सक्रिय सहयोग हुने विश्वास व्यक्त गर्दछु ।

अन्त्यमा, सोरु गाउँपालिकाको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजि, सहकारी र सामुदायिक क्षेत्र, विकास साझेदार, श्रमिक वर्ग, नागरिक समाज, आमसंचार जगत लगायत सम्पूर्ण दिदिबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।